# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
**मितिः १७ मई २०२६**

समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- राज्यमा सरकार परिवर्तन भए पछि अतिक्रमण विरुद्ध अभियान शुरू गरिएको छ।
- राज्य सरकारको निर्देश पछि मालदा जिलामा भारत-बांग्लादेशको खुला सीमामा काँड़े तार लगाउनका लागि भूमी अधिग्रहणको प्रक्रिया शुरू भएको छ।
- आज विश्व उच्च रक्तचाप दिवस हो।
- गोर्खा जनमुक्ति मोर्चाका अध्यक्ष बिमल गुरुंगले आगामी डेढ़ महिना भित्र गोरखालैंड क्षेत्रीय प्रशासन (जीटीए) लाई भंग गरिने दावी गर्नुभएको छ।
- मौसम विभागले भोलि सोमबार दार्जीलिंग, कालेबुङ्ग, जलपाईगुड़ी, अलीपुरद्वार र कूचबिहारका धेरै स्थानहरूमा हल्कादेखि मध्यम वर्षा हुने सम्भावना व्यक्त गरेको छ।

**राज्य-अतिक्रमण**

राज्यमा सरकार परिवर्तन भए पछि अतिक्रमण विरुद्ध अभियान शुरू गरिएको छ। अवैध निर्माणलाई ध्वस्त पारिन्दैछ। यसै बीच, राज्यको ग्रामोन्नयन एवं प्राणी संरक्षण मंत्री दिलीप घोषले सरकारी भूमिमा कुनै प्रकारको अतिक्रमण सहन नगरिने बताउनु भएको छ। आज बिहान खड़गपुरमा संवाददाताहरुलाई सम्बोधन गर्नु हुँदै दिलीप घोषले सरकारी जमीनमा कुनै प्रकारको पनि अतिक्रमण सहन नगरिने बताउनुभएको छ। जहां पनि अवैध निर्माण हुन्छ, त्यहाँ बुलडोजर चलाइने श्री घोषले बताउनुभएको छ। बंगालमा सत्ता आए पछि नयाँ सरकारले पहिलो दिनदेखि नै यो प्रक्रिया शुरू गरेको छ। अवैध गतिविधिहरुमा शामेल सबै मानिसहरुसित कानूनको सीमा भीत्र बसेर नै आफ्नो गतिविधिहरु गर्ने श्री घोषले अपिल गर्नुभएको छ। यसो भए सरकारले उनीहरुको पूर्ण सहयोग गर्ने पनि दिलीप घोषले बताउनु भएको छ।

**भारत-बंग्लादेश सिमा**

राज्य सरकारको निर्देश पछि मालदा जिलामा भारत-बांग्लादेशको खुला सीमामा काँड़े तार लगाउनका लागि भूमी अधिग्रहणको प्रक्रिया शुरू भएको छ। हिज शनिवार हबीबपुर खण्डको भवानीपुर अनि आग्रा हरिश्चंद्रपुर क्षेत्रमा भूमि एवं भूमि सुधार विभागका अधिकारीहरुले सीमा क्षेत्रमा जमीनको दस्तावेजहरुको जांच गरी नाप्ने काम शुरू गरे। अधिकारीहरुले बताए अनुसार मालदा जिल्लाका छ: थाना क्षेत्रहरुमा भारत-बांग्लादेश सीमाको कुल लंबाई लगभग 1 सय 72 किलोमीटर रहेको छ। यसमा लगभग 33 किलोमीटर सीमा वर्तमानमा पनि खुला छ। सबै भन्दा अधिक खुला सीमा हबीबपुर ब्लॉकमा रहेको छ, जहां 20 देखि 25 किलोमीटर क्षेत्रमा हालमा पनि काड़े तार लगाइएको छैन। जिलामा सीमा सुरक्षाको लागि काड़े तार लगाउनका लागि लगभग 2 सय 60 एकड़ भूमीको आवश्यकता रहेको छ। प्रशासनिक सूत्रहरु अनुसार, हाल सम्म 10 एकड़ भूमी अधिग्रहणको काम पूरा भइसकेको छ।

**उच्च न्यायालय-आर.जी.कर मामला**

राज्यमा, आरजी कर मेडिकल कॉलेज दुष्कर्म अनि हत्या मामलाको सुनवाई कलकत्ता उच्च न्यायालयको न्यायमूर्ति शम्पा सरकार अनि न्यायमूर्ति तीर्थंकर घोषको खंडपीठले गर्नेछ।

*यस अघि, न्यायमूर्ति राजा शेखर मंथा अनि न्यायमूर्ति राय चट्टोपाध्यायले 11 मईको दिन यस मामलाबाट आफैलाई अलग राखेका थिए। यसमा एकमात्र दोषी संजय रॉयलाई जनवरी 2025 मा आजीवन कारावासको सजाई भएको थियो। यस मामलाको जांच केंद्रीय अन्वेषण ब्यूरो-सीबीआईले गरिरहेको छ। जांच एजेंसीले संजय रायलाई मृत्युको सजाईको मांग गरेको थियो। पीड़िताको माता-पिताले यस मामलाको पुनः जांच हुन पर्ने मांग गरेका छन्। मृतकका माता-पिताले कोलकाताको सियालदह न्यायालयमा एक मामला दर्ता गरेका छन् जसमा उनीहरुले तृणमूल कांग्रेसका पूर्व विधायक निर्मल घोष, संजीव मुखोपाध्याय अनि तत्कालीन घोला पुलिस थाना का प्रभारीको गिरफ्तारीको अपील गरेका छन्। पीड़िताको माता-पिताले तीनै व्यक्तिले पीड़िता डॉक्टरको शवको दोस्रो पोस्टमार्टममा बाधा पुर्याएको अनि उचित प्रक्रियाको पालन गरे बिना शवको अंतिम संस्कार गरिदिएको शिकायत गरेका छन्।*

**जनगणना - आवास गणना**

देशमा चलिरहेको जनगणना अन्तर्गत घरहरुको गणनाको लागि पहिलो चरणको काम पांच राज्यमा शुरू भइसकेको छ। यस अन्तर्गत घरहरुको सूची तैयार गरिनेछ। हाल यो कार्य राजस्थान, मेघालय, महाराष्ट्र, झारखंड अनि दिल्ली मा शुरु गरिएको छ। घर-घर गएर सूची तयार गर्ने कार्य आन्ध्र प्रदेश, अरूणाचल प्रदेश, बिहार, चंडीगढ, छत्तीसगढ दादरा अनि नगर हवेली तथा दमण-दीव, हरियाणा, मध्यप्रदेश, पंजाब, तेलंगाना अनि उत्तराखंडमा पनि चलिरहेको छ। सूची तैयार गर्नका लागि घर को सामानहरु, उपलब्ध सुविधाहरु अनि परिसंपत्तिहरुको विवरण एकजुट गरिन्दैछ। स्व-गणना सुविधा आज देखि गुजरात, जम्मू-कश्मीर, लद्दाख अनि पुद्दुचेरीमा शुरू गरिएको छ। यो सुविधा 31 मई सम्म उपलब्ध रहनेछ। स्व-गणना सुविधा उत्तर प्रदेशमा पनि जारी छ जुन चाहिँ 21 मईसम्म उपलब्ध रहनेछ। हाल सम्म 25 राज्यहरुमा एक करोड 44 लाख भन्दा अधिक घरहरुका निवासीले स्व-गणना प्रक्रिया पूरा गरिसकेका छन्। यो पहल जनगणना अभियानको डिजीकरणको दिशामा एक महत्वपूर्ण पाइला हो।

**प्रधानमन्त्रीको मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी ३१ मईमा आकाशवाणीबाट मन की बात कार्यक्रममा पुनः एक पटक आफ्ना विचारहरू साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको १३४ औं प्रकरण हुनेछ। श्रोताहरूले टोल-फ्री नम्बर १८००-११-७८०० मा कार्यक्रमको लागि आफ्ना विचार र सुझावहरू पठाउन सक्नेछन्। यी सुझावहरू नरेन्द्र मोदी एप तथा MyGov ओपन फोरम मार्फत पनि दिन सकिनेछ। मानिसहरुले १९२२ मा मिस कल गरेर तथा SMS मार्फत प्राप्त लिङ्क प्रयोग गरेर सोझै प्रधानमन्त्रीलाई सुझावहरू पठाउन सक्नेछन्। सुझावहरू आगामी २९ मईसम्म स्वीकार गरिनेछ।

**राजू-आईसीडीएस**

दार्जिलिङका सांसद राजू विष्टले दार्जिलिङ पहाड, सिलगडी तथा तराई क्षेत्रका ICDS, आशा तथा आंगनवाडी कार्यकर्ता एवं सहयोगीहरूका प्रतिनिधिहरुसित भेटवार्ता गरी उनीहरूका समस्या तथा मागबारे छलफल गरेका छन्। बैठकमा तलब वृद्धि, पदोन्नति, सुविधा विस्तार तथा रिक्त पद पूर्तिका विषय उठाइएको श्री विष्टले प्रेस विज्ञप्ती मार्फत जानकारी दिनुभएको छ। सांसद विष्टले ती समस्याको समाधानका लागि आवश्यक पहल गरिने आश्वासन पनि दिएका छन्।

**राजू-अग्रवाल सम्मेलन**

दार्जिलिङका सांसद तथा BJP का राष्ट्रिय प्रवक्ता राजू विष्ट आज सिलिगुडीमा आयोजित अखिल भारतीय अग्रवाल सम्मेलनको अभिनन्दन समारोहमा सहभागी हुनु भएको थियो। कार्यक्रममा सिलिगुडीका विधायक शंकर घोष पनि उपस्थित रहेका थिए। सांसद विष्टले संस्थाले शिक्षा, स्वास्थ्य, समाज सेवा तथा राष्ट्र निर्माणमा पुऱ्याएको योगदानको प्रशंसा गर्दै उत्तर बंगालको समग्र विकासप्रति आफ्नो प्रतिबद्धता दोहोऱ्याएका छन्।

**विश्व उच्च रक्तचाप दिवस**

आज विश्व उच्च रक्तचाप दिवस हो। यसको उद्देश्य उच्च रक्तचाप बारेमा वैश्विक जागरूकता, रोकथाम, पहचान अनि नियंत्रणलाई बढ़ावा दिन हो। यस वर्षको विषय हो-उच्च रक्तचापलाई मिलेर नियंत्रित गर्नुपर्नेछः नियमित रूपले आफ्नो रक्तचापको जांच गर्नुहोस् अनि यस बीमारीलाई पराजित गर्नुहोस्।

**विश्व-दूरसंचार दिवस**

आज विश्व दूरसंचार अनि सूचना समाज दिवस हो। आजको दिन नै 1865 मा पेरिस मा संयुक्त राष्ट्र डिजिटल-प्रौद्योगिकी एजेंसी-अंतरराष्ट्रीय दूरसंचार संघको स्थापना गरिएको थियो। यस दिवसको उद्देश्य इंटरनेट अनि यससित जुडेका तकनीकहरुको सकारात्मक उपयोगलाई बढावा दिन हो।

**सगरमाथा - रेकर्ड**

नेपालका पर्वतारोही कामी रीता शेर्पाले ३२ औं पटक सगरमाथा चढ़ेर इतिहास रचेका छन्। ५६ वर्षीय कामी रीता सबैभन्दा धैरै पटक सगरमाथा आरोहण गर्ने शेर्पा हुन्। नेपालको कोशी प्रान्तको सोलुखुम्बु जिल्लामा जन्मिएका कामी रीताले

पहिलो पटक १९ सय ९४ मा सगरमाथा आरोहण गरेका थिए। यसैबीच, "पर्वत रानी" नामले चिनिने लाक्पा शेर्पाले लगातार ११ औं पटक सगरमाथा सफलतापूर्वक आरोहण गर्ने पहिलो नेपाली महिलाको रूपमा आफ्नो रेकर्ड पनि बनाई राखेका छन्।

**बिमल-जीटिए बयान**

गोर्खा जनमुक्ति मोर्चाका अध्यक्ष बिमल गुरुंगले आगामी डेढ़ महिना भित्र गोरखालैंड क्षेत्रीय प्रशासन (जीटीए) लाई भंग गरिने दावी गर्नुभएको छ। उहाँले यस पछि एउटा जांच आयोग गठन गरिने तथा छ: महिना भित्र पहाड़को लागि नयाँ संवैधानिक व्यवस्था लागू गरिने पनि बताउनु भएको छ। दार्जिलिंगको माल रोड क्षेत्रमा हिज आयोजित एउटा जनसभामा गुरुंगले यो बयान दिनुभएको हो। गुरुंगले हालै एउटा बैठकमा जीटिएका मुख्य कार्यपाल अनीत थापा अनि विनय तमांगमाथि भ्रष्टाचारको आरोप लगाउँदै तथाकथित आपत्तिजनक टिप्पणी पनि गर्नु भएको थियो। यस मामलामा अनीत थापाले दार्जिलिंग सदर थानामा बिमल गुरुङ्ग विरुद्ध लिखित शिकायत पनि दर्ता गर्नुभएको छ जसको आधारमा पुलिसले जांच शुरू गरिसकेको छ। उल्लेखनीय, छ विधानसभा चुनावमा दार्जीलिंग सीट बाट भाजपा समर्थित उम्मेदवारले जीत प्राप्त गरे पछि बिमल गुरुंग एक पटक पुनः सक्रिय बनेका छन् तथा संगठनलाई सशक्त बनाउनमा लागि परेका छन्।

**युवा मोर्चा-खरसाङ्ग**

गोर्खा जनमुक्ति मोर्चाको भातृ संगठन गोर्खा युवा मोर्चा खरसाङ महकुमा समितिको सांगठनिक सभा आज खरसाङको एउटा होटलमा सम्पन्न भएको छ। यो सभा खरसाङ महकुमा अन्तर्गत आठवटा समष्टिका युवा मोर्चाको प्रतिनिधिहरुलाई लिएर सम्पन्न भएको थियो। सभा पछि युवा मोर्चा खरसाङ महकुमा समितिका सभापतिले यसपाली राज्यमा असल सरकार गठन भएको र यस सरकारमाथि धेरै आशा रहेको बताएका छन्। उनले हामी गोर्खाल्याण्ड नै चाहान्छौं र गोर्खाल्याण्डको निम्ति नै युवाहरु सदैव तयार रहेको पनि बताएका छन्।

**गोरानासं बैठक**

गोर्खा राष्ट्रीय महिला संगठन (गोरानासं) दार्जिलिंग शाखा समितिको एक महत्वपूर्ण संगठनात्मक बैठक आज दार्जिलिंग स्थित शाखा कार्यालयमा सम्पन्न भएको छ। शाखा समितिको अध्यक्षा श्रीमती बसुन्धरा प्रधानकी अध्यक्षतामा आयोजित यस बैठकमा संगठन विस्तार, पार्टीको वर्तमान राजनैतिक स्थिति तथा आगामी कार्य योजना बारे विस्तृत चर्चा गरिएको बताइएको छ। बैठकमा दार्जीलिंग शाखा अंतर्गत विभिन्न समष्टीहरुका प्रतिनिधिहरुको उल्लेखनीय उपस्थिति रहेको थियो। उपस्थित सदस्यहरुले संगठनलाई जमीनी स्तरमा अझ सशक्त, सक्रिय एवं जनमुखी बनाउने संबंधमा आफ्नो सुझाव अनि विचार प्रस्तुत गरेका छन्।

**सिलीगुड़ी-सामूहिक-विवाह**

आर्थिक रूपले कमजोर जनजातीय समुदायका मानिसहरुको सहायताको लागि वनवासी कल्याण आश्रम– उत्तर बंगालद्वारा सालबाड़ी स्थित बिरसा शिशु शिक्षा केंद्र परिसरमा आज भव्य सामूहिक विवाह संस्कार कार्यक्रमको आयोजन गरिएको छ। संस्थाले जानकारी दिए अनसार यस कार्यक्रम अन्तर्गत जनजातीय समाजका 108 जोड़ीको विवाह सामाजिक सहयोगद्वारा आज संपन्न गराइएको छ। सबै विवाह पारंपरिक रीति अनि धार्मिक मान्यताहरु अनुसार गराइएको जानकारी पनि दिइएको छ। यस पहलको उद्देश्य आर्थिक रूपले कमजोर परिवारहरुमा विवाहको बोझ कम गर्न अनि समाजमा एकता तथा सहयोगको भावना सशक्त बनाउन रहेको पनि बताइएको छ।

**सिलगढी सर्जक कार्यक्रम**

एसोसिएसन फर रिसर्च अन् नन्प्रफीट अर्गनाइइजेसन्स एन्ड वल्युन्टेरी एक्टिविटिज, आरनोवाद्वारा सिलगढीमा सर्जक सम्झना कार्यक्रम आज सिलगढीमा आयोजन गरिएको छ। कार्यक्रममा राष्ट्रिय सर्जक गोपालसिंह नेपाली बस्नेत, साहित्यकार लक्षमण श्रीमल अनि आशा भोसलेलाई श्रद्धाञ्जली अर्पण गरियो। यसरी नै तीनै व्यक्तित्वमाथि लेख, कविता र गीतहरू प्रस्तुत गरियो। कार्यक्रमको अध्यक्षता आरनोवाका सल्लाहकार अवकाशप्राप्त कर्णल केशव राईल गरेका थिए।

**मौसम**

मौसम विभागले भोलि सोमबार दार्जीलिंग, कालेबुङ्ग, जलपाईगुड़ी, अलीपुरद्वार र कूचबिहारका धेरै स्थानहरूमा हल्कादेखि मध्यम वर्षा हुने सम्भावना व्यक्त गरेको छ। यसै गरी, जलपाईगुड़ी र कूचबिहार जिल्लाका एक-दुई स्थानहरूमा भारी वर्षाको विशेष चेतावनी पनि जारी गरिएको छ। मौसम विभाग अनुसार उत्तर बंगालका सबै जिल्लाहरूमा मेघ गर्जन, चट्याङ र ४० देखि ५० किलोमीटर प्रति घण्टाको तीव्रतामा हावाहुरी चल्ने सम्भावना रहेको छ। यसको साथै दार्जीलिंग पहाड़ तथा कालेबुङ्गमा आगामी केही दिनसम्म आकाश सामान्यतः बदली रहनेछ र चट्याङ सहित वर्षाको क्रम निरन्तर जारी रहनेछ। दार्जीलिंगको अधिकतम तापक्रम २० डिग्री र न्यूनतम तापक्रम १५ डिग्री सेल्सियस नजिक रहने अनुमान पनि मौसम विभागले व्यक्त गरेको छ। यस बाहेक मौसम विभागले पहाडी क्षेत्रका बासिन्दा तथा पर्यटकहरूलाई चट्याङ परेको बेला सुरक्षित स्थानमा बस्ने र यात्रा गर्दा विशेष सावधानी अपनाउने अपिल पनि गरेको छ।

**********